# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

## सिंहदरबार, काठमाडौं

**प्रेस नोट** **२०८० असार २२**

**सम्माननीय प्रधानमन्त्री एवं विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूद्वारा विपद् प्रभावितलाई राहत वितरण गर्न, निजी आवास पुनर्निर्माणमा सहयोग गर्न र सुरक्षित संरचना निर्माण सम्बन्धमा निर्देशन**

**काठमाडौं,** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को एघारौं बैठक सम्माननीय प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ ।

सम्माननीय प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष प्रचण्डले मनसुनजन्य घटनाहरुबाट मानवीय क्षति पुगेका र घरवारविहीन बनेका परिवारलाई राहत वितरण गर्न र निजी आवास पुनर्निर्माणमा सहयोग गर्न निर्देशन दिनुभयो ।

प्रधानमन्त्री प्रचण्डले प्रकोपको उच्च जोखिममा रहेका बस्ती र समुदायमा पहिले ध्यान दिई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्नुपर्ने बताउँदै भन्नुभयो, 'निजी तथा सार्वजनिक संरचना र सम्पति, भौतिक क्षति तथा नोक्सानीको आँकलन गर्न, जोखिमयुक्त बस्तीहरुको अध्ययन गर्न र जोखिमयुक्त देखिएका बस्ती स्थानान्तरणको उपयुक्त प्रबन्ध मिलाउन निर्देशन दिन्छु।'

प्रधानमन्त्री प्रचण्डले जलवायु परिवर्तनको विश्वव्यापी मार्गचित्रलाई मनन् गर्दै नयाँ खाद्य तथा कृषि सुरक्षा योजना, कृषिमा अन्वेषण र उर्जा क्षेत्रको सम्भावनालाई प्राथमिकता दिँदै एसिया प्यासिफिक क्षेत्रमा जल तथा उर्जा क्षेत्रको नेतृत्व गर्ने गरी हाइड्रोजन लिडरसिप रोडम्याप तय गरी राष्ट्रिय अभियान सञ्चालन गरिने जानकारी दिनुभयो ।

बाढी पहिरो, हिमपातजस्ता जलवायुजन्य प्रकोपबाट हुने हानी-नोक्सानीबारे छुट्टै वित्तीय सहयोगका लागि अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले महत्वपूर्ण अभिमत राख्दै आएको उल्लेख गर्दै कोप-२६ (कन्फरेन्स अफ पार्टिज) मा नेपालले सन् २०४५ सम्म कार्बन उत्सर्जन 'नेट जिरो' बनाउने प्रतिबद्धता जनाए अनुरुप नीति, योजना र कार्यक्रम तर्जुमा गरिने बताउनुभयो ।

जनचेतनाको अभाव, पूर्वसूचना प्रणाली (Early Warning System) जस्ता आधुनिक प्रविधिको अभाव, विपद् व्यवस्थापन सम्वन्धी विभिन्न एजेन्सीहरूबीच समन्वयको कमी, विपद् व्यवस्थापन सम्वन्धी कोष

तथा तालिमको अभावका प्रसंग उद्धृत गर्दै प्रधानमन्त्री प्रचण्डले विपद्को पूर्वसूचना प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन निर्देशन दिनुभयो ।

प्रदेश र स्थानीय सरकारलाई आ-आफ्नो स्वायत्तता र विशेषतासहित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी आवश्यक नीति, कार्यक्रम र कार्ययोजना निर्माणका लागि आवश्यक समन्वय गर्न आग्रह पनि गर्नुभयो । त्यस्तै, यसै वर्ष मनसुनजन्य विपद्का घटनाहरुमा घाइते भएकाहरुको नेपाल सरकारको तर्फबाट निःशुल्क उपचारको प्रबन्ध मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन पनि दिनुभयो ।

प्रधानमन्त्री प्रचण्डले जलवायु परिवर्तन समेतका प्रभावबाट समेत सुरक्षित रहेनगरी सडक, पुल, जलविद्युत, सिंचाइ, खानेपानी, बस्ती लगायतका संरचनाहरुको पुनर्निर्माण तथा नवनिर्माण गर्दा विपद् जोखिम मूल्यांकन गर्नैपर्ने बाध्यकारी व्यवस्था गर्नसमेत निर्देशित गर्नुभयो ।

साथै, विपदको घडीमा आवश्यक सहयोग र सहकार्यका लागि गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र दातृ निकायहरू समेतमा अपील गर्दै आवश्यक सहकार्यका लागि नेपाल सरकार तत्पर रहेको जानकारी दिनुभयो ।

बैठकमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८० मा निर्धारण गरिए बमोजिमका सबै बिषय क्षेत्रका नेतृत्वदायी मन्त्रालयहरुले आ-आफ्नो कार्य जिम्मेवारी निरन्तर समन्वयमा रही प्रभावकारी रुपमा सम्पादन गर्ने निर्णय भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सभाहलमा बसेको बैठकमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्ण बहादुर खड्काज्यू र उपप्रधानमन्त्री एवं गृहमन्त्री तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति अध्यक्ष नारायणकाजी श्रेष्ठज्यूको उपस्थिति थियो ।

बैठकमा कृषि तथा पशुपंक्षी विकास मन्त्री डा. बेदुराम भुसालज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईज्यू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीज्यू, खानेपानी मन्त्री महिन्द्र राय यादवज्यू, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्तिबहादुर बस्नेतज्यू, सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माज्यू सहभागी हुनुहुन्थ्यो ।

त्यसैगरि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालज्यू, सहरी विकास मन्त्री सिता गुरूङज्यू, युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्वुज्यू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्यज्यू र वन तथा वातावरण मन्त्री वीरेन्द्रप्रसाद महतोज्यूको पनि उपस्थिति थियो ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलज्यू बैठकमा उपस्थित हुनुहुन्थ्यो भने लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्ली बहादुर चौधरीज्यू र कर्णाली प्रदेशका मुख्यमन्त्री राज कुमार शर्माज्यूको भर्चुअल सहभागिता थियो ।

परिषद्का विज्ञ सदस्य तथा पूर्वमन्त्री डा. गंगालाल तुलाधर, मुख्यसचिव डा. बैकुण्ठ अर्याल, गृह मन्त्रालयका सचिव दिनेश भट्टराई, परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौड्याल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्ण बहादुर राउत, नेपाली सेनाका रथी सरोज प्रताप राणा पनि बैठकमा उपस्थित हुनुहुन्थ्यो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख एवं परिषद्का सदस्य-सचिव अनिल पोखरेलले जेठ ३१ गते मनसुन नेपाल प्रवेश गरेपश्चातका २३ दिनमा मनसुनजन्य विपद्का घटनाहरुबाट भएको क्षति तथा नोक्सानी र उद्धार तथा राहत सम्बन्धी विवरण राख्नुभयो ।

जसअनुसार हालसम्म ६४ जिल्ला प्रभावित हुँदा १९ जिल्लाका ३४ जनाले ज्यान गुमाएका छन् भने २५ बेपत्ता छन् । ३२ घाइतेमध्ये १५ को हेलिकोप्टरबाट समेत गरी २१ को उद्धार गरिएको छ । राहत तथा उद्धारका लागि हालसम्म संघीय सरकारको तर्फबाट २० लाख नगद राहत वितरण भएको छ । त्यस्तै, काठमाडौंबाट ताप्लेजुङ, पाँचथर र संखुवासभामा २०० वटा त्रिपाल, ३४ वटा टेन्ट र १५० वटा ब्ल्याङ्केट पठाइएको छ ।

मनसुनजन्य घटनाहरुबाट ५४ घर पूर्ण रुपमा र २० घर आंशिक रुपमा क्षतिग्रस्त बन्दा र २६४ पशु चौपायाको क्षति हुँदा ६ करोड १६ लाख बराबरको नोक्सानी भएको छ । त्यस्तै, ठूलो मात्रामा खेतीयोग्य जमिन र बालीनाली मासिएको छ ।

यसबीचमा, बाढी र पहिरोबाट विभिन्न राजमार्गका ९ वटा पुलसहित ६६ स्थानमा सडक क्षति हुँदा ४० करोड बराबरको नोक्सानी हुन पुगेको छ ।हाल दुई वटा बाहेक सम्पूर्ण सडक मार्ग सुचारु भइसकेका छन् ।यी सडक ३० मिनेटदेखि ३१ घण्टाभित्रमा सुचारु भएका हुन् ।सबैभन्दा धेरै समय डुम्रे-बेशिसहर-मनाङ्ग-चामे सडक खुलाउन लागेको थियो ।

त्यस्तै, ताप्लेजुङ्गका ११ र पाँचथरका ११ गरी २२ वटा झोलुङ्गे पुल बगाउँदा करिब १२ करोड १० लाख ८८ हजारको क्षति भएको छ ।

मनसुनजन्य विपद्ले ठूला जलविद्युत आयोजनाहरुमध्ये निर्माणाधीन ३२६.८३ मेगावाट क्षमताका १७ वटा आयोजनामा २ अर्ब ६२ करोड र संचालनमा रहेका १३२.७४ मेगावाट क्षमताका १३ वटा आयोजनामा ५ अर्ब ९२ करोडका साथै, ताप्लेजुङ्गका १६, पाँचथरका ७, इलामको १, संखुवासभाका ३ र भोजपुरका ४ गरी संचालनमा रहेका र निर्माणाधीन १४९६.५ किलोवाट क्षमताका

३१ लघु जलविद्युत आयोजनाहरुमा ४४ करोड ९० लाख गरी जलविद्युत क्षेत्रमा मात्र करिब ९ अर्बको क्षति भएको छ ।

खानेपानीतर्फ खोटाङ्ग, ओखलढुङ्गा, संखुवासभा, इलाम, पाँचथर र ताप्लेजुङ्ग गरी ६ जिल्लाका २८ वटा संघीय आयोजनाहरुमा मात्र ८ करोड ९२ लाखको क्षति पुगेको छ । त्यस्तै, संघीय आयोजनातर्फ सर्लाहीस्थित जनताको तटबन्धको ३२० मिटर, नारायणी नदी व्यवस्थापनको १०० मिटर तटबन्ध र सुनसरी मोरङ्ग सिंचाइ आयोजनामा क्षति पुगेको छ ।

बैठकले विपदमा परि घाइते भएका सबै नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै विपदमा परि ज्यान गुमाएका नागरिकहरुप्रति श्रध्दाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना ब्यक्त गरेको छ।

ध्रुव बहादुर खड्का

प्रवक्ता